जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ७८ पृष्ठः ४ | २०८३ असार ३० मंगलबार (Tuesday 14 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## पोखरीको डिलमा मुसहर समुदायको कष्टकर जीवन



**जीवछ यादव**

लहान, २९ असार। लहान नगरपालिका–१ र २ मा पोखरी तथा नहरको डिलमा बस्दै आएका मुसहर समुदायको जनजीवन कष्टकर बन्दै गएको छ। सुकुमवासी अवस्थामा रहेका उनीहरूको सुरक्षित बसोवासको व्यवस्था हुन नसक्दा वर्षायाममा थप जोखिम बढेको छ। लहान नगरपालिका–१, मटियर्वास्थित पोखरीको डिलमा बस्दै आएका दिलिप सदायको घरअगाडिको आँगनमा पोखरीको पानी जमेको छ। पछाडिपट्टि सडक किनारमा निर्माण गरिएको नालाको निकास नहुँदा नालाको पानीले फुसको घरको बाँसको टटीसमेत भत्काएको छ। पोखरीको डिलमा रहेका पाँच घरपरिवार वर्षा सुरु भएसँगै जोखिममा परेका छन्।

लहान नगरपालिका–१ र २ को सीमाना भएर बग्ने भवरा नहरको दुवै किनारमा बसोवास गर्दै आएका सयौँ सुकुमवासी मुसहर समुदायका लागि वर्षा त्रासको समय बन्ने गरेको छ। "आकाशमा बादल देखिनासाथ डर लाग्छ अहिले धान रोपाइँको समयमा कृषि मजदुरीमा जानुपर्ने भए पनि दिनभर बालबालिका पोखरी र नहरमा डुब्ने हुन् कि भन्ने डरले घरमै बस्नुपरेको छ। काम नगरे के खाने भन्ने अर्को

–बाँकी तीन पेजमा

## वर्षाले मधेसका किसानमा नयाँ उत्साह, धान रोपाइँले लियो गति

जनकपुरधाम, २९ असार। केही सातादेखिको खडेरी र पर्याप्त वर्षाको अभावले चिन्तित बनेका मधेसका किसानमा पछिल्ला दुई–तीन दिनदेखि भइरहेको वर्षाले नयाँ आशा जगाएको छ। समयमै पानी परेपछि धान रोपाइँले गति लिन थालेको छ भने आकाशे पानीको भरमा खेती गर्ने किसान पनि खेततर्फ फर्किन थालेका छन्।

यसअघि कुलो, नहर, पम्पसेट तथा मोटरबाट सिँचाइ हुने क्षेत्रमा मात्र धान रोपाइँ भइरहेको थियो। तर वर्षाको अभावले आकाशे पानीमा निर्भर खेत बाँझै थिए। अहिले भइरहेको वर्षाले ती खेतमा समेत रोपाइँ सुरु गर्ने वातावरण बनेको किसानहरू बताउँछन्। महोत्तरीको पिपरा गाउँपालिकाका किसान सोहन ठाकुरले वर्षाले किसानको अनुहारमा खुसी फर्काएको बताए। उनका अनुसार अझ दुई–चार दिन राम्ररी वर्षा भएमा रोपाइँ हुन नसकेका अधिकांश खेतमा सहजै धान रोप्न सकिनेछ।

धनुषाको लक्ष्मीनियाँ गाउँपालिकाका किसान सीताराम यादव वर्षासँगै गीत गाउँदै धान रोपाइँमा व्यस्त देखिए। उनले भने, 'यस्तै पानी केही दिन परिरहे मोटर र बोरिङको भर पर्नुपर्दैन। हामीजस्ता साना र गरिब किसानका खेत पनि सजिलै रोप्न सकिन्छ।' सबै किसानको समस्या भने समाधान भइसकेको छैन। जनकनन्दिनी गाउँपालिकाका किसान राजकिशोर राउतका अनुसार पर्याप्त पानी परे पनि खेत रोप्ने मजदुरको अभावले रोपाइँ प्रभावित भइरहेको छ।

–बाँकी दुई पेजमा





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## मधेश परीक्षणको थलो बन्नुहुँदैन : मन्त्री थापा

**सुरेन्द्रकुमार कामती**

सिरहा, २९ असार। मधेश प्रदेश परीक्षणको थलो बन्न नहुने प्रदेश श्रम तथा यातायातमन्त्री शारदादेवी थापा बताएकी छिन्। मधेशका आठ जिल्लाका पत्रकारहरूको सहभागितामा आयोजित आचारसंहिताको प्रभावकारी कार्यान्वयनसम्बन्धी अन्तरक्रिया कार्यक्रममा मन्त्री थापाले सरकार फेरबदल भइरहने विषयलाई इंकित गरी मधेश प्रदेशलाई प्रयोगशाला बन्न दिन नहुने बताएकी छिन्।

मधेश सरकार मौसमी खेतीजस्तै भएको भन्दै उनले सरकार कति वेला फेरिने भन्ने टुंगो नरहेको बताएकी छिन्। मधेश प्रदेशको मिडिया




काउन्सिलको आयोजनामा भएको कार्यक्रममा मन्त्री थापाले घरघरमा पत्रकार र पत्रिका पुगेको भन्दै आचारसंहिता पालना पत्रकार स्वयंले गर्नुपर्ने बताएकी छिन्। पत्रकारको कलमले नै समाजलाई समानतामा ल्याइदिएको भन्दै उनले जिम्मेवार भएर आचारसंहिता पालना गरी सशक्त पत्रकारिता गर्न आग्रह गरेकी छिन्।

एक अलग प्रसंगमा उनले संघीयतामाथि चौतर्फी आक्रमण भइरहेकोले सबै मिलेर संघीयता जोगाउनुपर्ने भन्दै संघीयताकै कारण न्यायमा महिला, दलित गरिबको पहुँच बढ्दै गएको बताइन्। नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव अशोक तिवारी, लेखा समिति संयोजक केसी लामिछाने, केन्द्रीय सदस्यहरू राजेशकुमार कर्ण, राजकरण महतो, प्रदेश अध्यक्ष श्याम बञ्जरालगायतले पत्रकारले आचारसंहिता पालना गर्नमा विशेष ध्यान दिनुपर्ने बताए। बदलिँदै गरेको परिवेश, प्रविधिको प्रयोगको समयमा सत्य, तथ्य र नागरिकप्रति जिम्मेवार भएर पत्रकारिता गर्नुपर्ने उनीहरूले बताए। काउन्सिलका कार्यवाहक अध्यक्ष वन्दना झाले प्रदेशको पत्रकार र पत्रकारिताको हितका लागि सक्रियतापूर्वक काम गरिरहेको बताएकी छिन्।

**लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं**

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल–ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं।
- सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## असुरक्षित संरचनाले निम्त्याएको अपूरणीय क्षति

सिरहाको गोलबजार नगरपालिका–७ स्थित पुरानो चौक चोहर्वामा आइतबार भएको हृदयविदारक घटनाले सम्पूर्ण समाजलाई स्तब्ध बनाएको छ। खेल्दै घरबाट निस्किएका एकै परिवारका तीन बालबालिकाले पशु हाटबजार परिसरको पानी जमेको खाल्डोमा डुबेर ज्यान गुमाउनु केवल एउटा दुर्घटना मात्र होइन, सार्वजनिक संरचनाको लापरवाही र सुरक्षा व्यवस्थाको अभावले निम्त्याएको गम्भीर मानवीय क्षति हो। एकै परिवारका तीन सन्तानलाई एकै दिन गुमाउनुपरेको पीडाले अभिभावक मात्र होइन, सिंगो समुदायलाई शोकमा डुबाएको छ।

बालबालिका स्वभावैले खेल्ने, रमाउने र नयाँ ठाउँप्रति आकर्षित हुने गर्छन्। उनीहरू जोखिमको गहिराइ बुझ्न सक्ने अवस्थामा हुँदैनन्। त्यसैले सार्वजनिक स्थानहरू सुरक्षित बनाउने जिम्मेवारी राज्य, स्थानीय सरकार र सम्बन्धित निकायको हो। तर गोलबजारको यो घटनाले त्यही जिम्मेवारी पूरा नभएको स्पष्ट देखाएको छ। पशुलाई पानी खुवाउने उद्देश्यले बनाइएको खाल्डो वर्षायाममा गहिरो पानीले भरिए पनि त्यसको वरिपरि कुनै घेराबार, चेतावनी बोर्ड वा सुरक्षा व्यवस्था नहुनु गम्भीर कमजोरी हो।

नेपालका विभिन्न स्थानमा वर्षेनी खुला खाल्डा, पोखरी, नदी तथा पानी जम्ने स्थानमा डुबेर बालबालिकाको मृत्यु हुने घटना दोहोरिने गरेका छन्। यस्ता घटनापछि केही दिन चर्चा हुने, शोक व्यक्त गर्ने र अनुसन्धानको घोषणा गर्ने परम्परा दोहोरिन्छ। तर दीर्घकालीन समाधानका लागि आवश्यक पूर्वतयारी, जोखिम व्यवस्थापन र नियमित अनुगमन भने प्रभावकारी रूपमा हुन सकेको देखिँदैन। यही कारण यस्ता दुर्घटना बारम्बार दोहोरिने गरेका छन्। स्थानीय सरकारले सडक, भवन वा अन्य भौतिक पूर्वाधार निर्माणमा जति ध्यान दिन्छ, त्यति नै प्राथमिकता सार्वजनिक सुरक्षालाई पनि दिन आवश्यक छ। सार्वजनिक स्थलमा रहेका खुला खाल्डा, पोखरी वा अन्य जोखिमयुक्त संरचनाको पहिचान गरी तत्काल घेराबार गर्ने, चेतावनी संकेत राख्ने, वर्षायाममा नियमित निरीक्षण गर्ने र आवश्यक परे अस्थायी रूपमा प्रवेश निषेध गर्ने व्यवस्था हुनुपर्छ। यस्ता सामान्य देखिने सावधानीले ठूलो मानवीय क्षति रोक्न सकिन्छ।

अभिभावकको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ। वर्षायाममा पानी जमेका स्थान, नदी, पोखरी वा निर्माणाधीन क्षेत्र बालबालिकाका लागि अत्यन्त जोखिमपूर्ण हुन्छन्। त्यसैले बालबालिकालाई यस्ता स्थानबाट टाढा राख्ने, जोखिमबारे सचेत गराउने र सानै उमेरदेखि सुरक्षासम्बन्धी व्यवहार सिकाउने संस्कार विकास गर्न आवश्यक छ। विद्यालयहरूले समेत विपद् जोखिम न्यूनीकरण र पानीजन्य दुर्घटनाबाट बच्ने विषयमा नियमित सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ। यस घटनाले आर्थिक रूपमा कमजोर परिवारले भोग्नुपरेको पीडालाई अझ गहिरो बनाएको छ। दैनिक जीविकोपार्जनका लागि संघर्षरत परिवारले आफ्ना तीन सन्तानलाई एकैपटक गुमाउनु अपूरणीय क्षति हो। यस्ता पीडित परिवारलाई राज्यले केवल राहत वितरणमा सीमित नरही मनोसामाजिक परामर्श, आर्थिक सहयोग र आवश्यक सामाजिक संरक्षणका कार्यक्रममार्फत साथ दिनुपर्छ। पीडामा रहेका परिवारलाई राज्यको उपस्थितिको अनुभूति गराउनु मानवीय दायित्व पनि हो।

घटनापछि प्रहरीले अनुसन्धान सुरु गरेको जनाएको छ। अनुसन्धानले घटनाको वास्तविक अवस्था र सम्भावित लापरवाहीबारे तथ्य बाहिर ल्याउने अपेक्षा गरिएको छ। यदि सार्वजनिक संरचनाको व्यवस्थापनमा सम्बन्धित निकायको कमजोरी देखिन्छ भने जिम्मेवारी निर्धारण गरी आवश्यक कानुनी प्रक्रिया अघि बढाइनुपर्छ। दुर्घटनाको अनुसन्धान केवल औपचारिकता बन्नु हुँदैन त्यसबाट भविष्यमा यस्ता घटना नदोहोरिने व्यवस्था सुनिश्चित हुनुपर्छ। गोलबजारको यो दुःखद घटना सम्पूर्ण देशका स्थानीय तहका लागि पनि एउटा चेतावनी हो। विकास भनेको केवल भौतिक संरचना निर्माण होइन, ती संरचनालाई नागरिकमैत्री र सुरक्षित बनाउनु पनि हो। सार्वजनिक स्थानमा रहेका साना कमजोरीले कहिलेकाहीँ ठूलो दुर्घटनाको रूप लिन सक्छन् भन्ने यथार्थ यो घटनाले पुनः स्मरण गराएको छ।

ती तीन निर्दोष बालबालिकाको मृत्यु अब फर्काउन सम्भव छैन। तर उनीहरूको सम्झना केवल आँसु र समवेदनामा सीमित हुनु हुँदैन। यो घटनालाई सार्वजनिक सुरक्षाको सुधार, जोखिमयुक्त संरचनाको व्यवस्थापन र बालबालिकाको जीवन संरक्षणका लागि एउटा गम्भीर पाठका रूपमा लिन सकिए मात्र उनीहरूको मृत्युबाट समाजले अर्थपूर्ण शिक्षा लिन सक्नेछ। अब शोक व्यक्त गर्ने मात्र होइन, यस्ता दुर्घटना फेरि कहिल्यै दोहोरिन नदिने दृढ संकल्पका साथ सम्बन्धित सबै पक्षले जिम्मेवारीपूर्वक काम गर्ने बेला आएको छ।

# उपलब्धिभन्दा प्रभाव महत्वपूर्ण

## शिक्षासँगै खेलकुद क्षेत्रमा पनि केही सकारात्मक गतिविधि अघि बढाइएको देखिन्छ

**रविप्रसाद बराल**

नेपालमा नयाँ सरकार गठन भएपछि पहिलो १०० दिनको कार्यसम्पादन सार्वजनिक गर्ने र त्यसको मूल्याङ्कन गर्ने अभ्यास विस्तारै संस्थागत हुँदै गएको छ। यसले सरकारलाई आफ्नो प्राथमिकता स्पष्ट गर्न र नागरिकलाई सरकारका कामबारे जानकारी दिन सहयोग पुऱ्याएको छ। हालै शिक्षा, विज्ञान तथा खेलकुद मन्त्रालयले सार्वजनिक गरेको पहिलो १०० दिनको उपलब्धि विवरणले शिक्षा क्षेत्रमा केही महत्त्वपूर्ण सुधारका प्रयास अघि बढाइएको संकेत गरेको छ।

सरकारको सफलता भने निर्णयहरूको संख्याले नभएर ती निर्णयहरूले विद्यार्थी, शिक्षक, अभिभावक तथा समग्र शिक्षा प्रणालीमा कस्तो सकारात्मक र दिगो परिवर्तन ल्याउँछन् भन्ने आधारमा मूल्याङ्कन गरिनु बढी सही हुन्छ। विश्वका सफल शिक्षा प्रणाली भएका फिनल्यान्ड, सिंगापुर, दक्षिण कोरिया र क्यानाडाले पनि शिक्षा सुधारको मूल्यांकन नीति वा कार्यक्रमको संख्याले गर्दैनन्। उनीहरूले सुधारको प्रभाव विद्यार्थीको सिकाइ उपलब्धि, शिक्षामा पहुँच, गुणस्तर, समान अवसरको सुनिश्चितता तथा विद्यार्थीको जीवन, सीप र भविष्यका अवसरमा परेको दीर्घकालीन प्रभावका आधारमा मापन गर्छन्। अन्ततः शिक्षा क्षेत्रमा गरिने कुनै पनि सुधारको मूल्य त्यसले कक्षाकोठा, शिक्षक र विद्यार्थीको अनुभवमा ल्याएको परिवर्तनले निर्धारण गर्छ।

**सेवा प्रवाहमा सुधारको प्रयास**

पहिलो १०० दिनमा मन्त्रालयले शिक्षा प्रशासनलाई छिटो, सहज र नागरिकमैत्री बनाउने प्रयास गरेको देखिन्छ। माध्यमिक शिक्षा परीक्षा (एसईई), कक्षा १२ तथा विश्वविद्यालय तहका परीक्षाको नतिजा निश्चित समयभित्र सार्वजनिक गर्ने प्रतिबद्धता सकारात्मक कदम हो। विगतमा नतिजा प्रकाशनमा हुने ढिलाइले विद्यार्थीको उच्च शिक्षा, छात्रवृत्ति आवेदन तथा वैदेशिक अध्ययन योजनामा प्रत्यक्ष असर पार्ने गरेको थियो। समयमै नतिजा प्रकाशनको अभ्यासले विद्यार्थी र अभिभावकलाई सजिलो हुने अपेक्षा गर्न सकिन्छ।

वैदेशिक अध्ययन अनुमति पत्र (एनओसी) प्रणालीमा गरिएको सुधार मन्त्रालयका उल्लेखनीय उपलब्धिमध्ये एक हो। राष्ट्रिय परिचयपत्र र विश्वविद्यालय प्रणालीसँग डिजिटल एकीकरण गर्ने प्रयासले विद्यार्थीले भोग्दै आएका झन्झट, कागजी प्रक्रिया र अनावश्यक प्रतीक्षा समय घटाउने अपेक्षा गरिएको छ। एस्टोनिया, दक्षिण कोरिया र सिंगापुरले डिजिटल सार्वजनिक सेवामार्फत प्रशासनिक प्रक्रिया सरल बनाई नागरिक सन्तुष्टि बढाएका छन्। नेपालले पनि त्यही दिशामा प्रारम्भिक कदम चालेको देखिन्छ।

**विश्वविद्यालय सुधारतर्फका संकेत**

उच्च शिक्षामा सुशासन र जवाफदेहीको विषय लामो समयदेखि बहसको केन्द्रमा रहेको छ। पहिलो १०० दिनमा यस क्षेत्रमा केही महत्त्वपूर्ण निर्णय भएका छन्। अध्ययन बिदामा गएर लामो समयसम्म नफर्किएका प्राध्यापकमाथि कारबाही प्रक्रिया अघि बढाइनु तथा बक्यौता रकम असुली थालिनु विश्वविद्यालय व्यवस्थापनलाई थप जिम्मेवार बनाउने प्रयासका रूपमा लिन सकिन्छ।

विश्वविद्यालय परिसरमा राजनीतिक सङ्गठनलाई उपलब्ध गराइएका भौतिक संरचना हटाउने निर्णयले पनि व्यापक बहस सिर्जना गरेको छ। विश्वका प्रतिष्ठित विश्वविद्यालयहरूमा विद्यार्थी राजनीति र लोकतान्त्रिक अभ्यासलाई प्रोत्साहन गरिए पनि शैक्षिक गतिविधि र राजनीतिक गतिविधिबीच स्पष्ट सन्तुलन कायम गरिएको पाइन्छ। नेपालको सन्दर्भमा पनि विश्वविद्यालयलाई राजनीतिक प्रभावभन्दा माथि उठाएर अध्ययन, अनुसन्धान र नवप्रवर्तनको केन्द्रका रूपमा विकास गर्न आवश्यक छ। त्यससँगै लोकतान्त्रिक अभ्यासलाई कमजोर नपार्ने गरी विद्यार्थी नेतृत्व विकासका रचनात्मक र संस्थागत विकल्प पनि विकास गरिनुपर्छ।

**गुणस्तरीय र समावेशी शिक्षाको खोजी**

विद्यालय शिक्षाको गुणस्तर सुधार गर्ने उद्देश्यले कक्षा ५ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागु गर्ने निर्णय महत्त्वपूर्ण पहल हो। आधुनिक शिक्षा प्रणालीमा वार्षिक परीक्षामा आधारित मूल्याङ्कनभन्दा निरन्तर सिकाइ र मूल्याङ्कनलाई बढी प्रभावकारी मानिन्छ। फिनल्यान्ड, न्युजिल्यान्ड र क्यानडाले प्रारम्भिक कक्षामा परीक्षा केन्द्रित संस्कृतिभन्दा सिकाइ केन्द्रित दृष्टिकोण अपनाएका छन्। नेपालमा पनि यो प्रणाली प्रभावकारीरूपमा कार्यान्वयन गर्न सकियो भने विद्यार्थीमाथिको परीक्षा दबाब कम हुनेछ र शिक्षकले सिकाइ प्रक्रियामा थप ध्यान दिन सक्नेछन्। यद्यपि यसको सफलता शिक्षकको क्षमता विकास, पर्याप्त तालिम र विद्यालयको तयारीमा निर्भर रहनेछ।

समावेशी शिक्षाका क्षेत्रमा पनि केही सकारात्मक पहल देखिएका छन्। जन्मदर्ता प्रमाणपत्र नभएका बालबालिकालाई विद्यालय भर्ना गर्ने व्यवस्था, विद्यालयबाहिर रहेका बालबालिकाको अभिलेखीकरण तथा अटिजम भएका बालबालिकाका लागि विशेष शैक्षिक व्यवस्थासम्बन्धी निर्देशिका तयार गरिनु स्वागतयोग्य कदम हुन्। संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य (एसडीजी–४) ले पनि सबैका लागि समावेशी र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न जोड दिएको छ। यी प्रयासहरूले नेपाललाई त्यसै दिशामा अघि बढाउन सहयोग पुऱ्याउन सक्छन्।

**डिजिटल शिक्षातर्फको अग्रसरता**

कोभिड–१९ महामारीपछि विश्वभर डिजिटल शिक्षाको महत्त्व अझ बढेको छ। मन्त्रालयले 'सिकाइ चौतारी' एपमार्फत शिक्षक र विद्यार्थीलाई डिजिटल सिकाइसँग जोड्ने प्रयास गरेको छ। साथै, एकीकृत शिक्षा व्यवस्थापन सूचना प्रणाली (आईईएमआईएस) को सुदृढीकरण तथा डिजिटल सेवाको विस्तारले शिक्षा प्रशासनलाई थप व्यवस्थित, पारदर्शी र तथ्याङ्कमा आधारित बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ।

डिजिटल शिक्षाको मूल्याङ्कन प्रविधिको विकासले होइन त्यसले सिकाइलाई कति सहज, समावेशी र गुणस्तरीय बनायो भन्ने आधारमा हुनुपर्छ। ग्रामीण तथा दुर्गम क्षेत्रका विद्यार्थीमा इन्टरनेट पहुँच, डिजिटल उपकरण र डिजिटल साक्षरताको असमानता अझै ठूलो चुनौतीका रूपमा रहेको छ। युनेस्कोले पनि डिजिटल रूपान्तरण सफल बनाउन प्रविधिमा समान पहुँच र प्रयोग सुनिश्चित गर्नुपर्ने आवश्यकता औँल्याउँदै आएको छ। त्यसैले डिजिटल शिक्षाको लाभ सबै विद्यार्थीसम्म पुऱ्याउन पूर्वाधारमा थप लगानी अपरिहार्य देखिन्छ।

**नीतिगत सुधार र बाँकी चुनौती**

सरकारले पहिलो १०० दिनमा शिक्षा क्षेत्रका विभिन्न नियमावली, निर्देशिका र नीतिगत सुधारलाई प्राथमिकता दिएको देखिन्छ। विदेशी शैक्षिक कार्यक्रमको सञ्चालन तथा नियमन, शैक्षिक परामर्श सेवा व्यवस्थापन, संयुक्त तथा दोहोरो उपाधि कार्यक्रम, करियर मार्गदर्शन तथा गुणस्तरीय शिक्षा रूपरेखासम्बन्धी पहलहरूले शिक्षा प्रणालीलाई थप व्यवस्थित, उत्तरदायी र गुणस्तरीय बनाउने आधार तयार गरेका छन्।

यसै क्रममा शिक्षा नियमावली, २०५९ को दशौँ संशोधन (२०८३) को प्रकाशन शिक्षा प्रशासनलाई समयानुकूल बनाउने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने तथा शैक्षिक सुशासन सुदृढ गर्ने सकारात्मक कदमका रूपमा लिन सकिन्छ। साथै, विदेशी विश्वविद्यालयका नाममा सञ्चालन भइरहेका कार्यक्रमको प्रभावकारी नियमन र गुणस्तर सुनिश्चितताले उच्च शिक्षाप्रतिको विश्वास अभिवृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

यद्यपि शिक्षा क्षेत्रका आधारभूत चुनौतीहरू अझै समाधान हुन बाँकी छन्। धेरै विद्यालयमा विषयगत शिक्षकको अभाव कायमै छ भने विद्यालय छाड्ने विद्यार्थीको संख्या पनि चिन्ताजनक छ। सामुदायिक विद्यालयहरूको सिकाइ उपलब्धि अपेक्षित स्तरमा पुग्न सकेको छैन। अनुसन्धान तथा नवप्रवर्तनमा लगानी अझै न्यून छ। त्यसमाथि उच्च शिक्षा र रोजगारीका लागि शिक्षित युवाको बढ्दो विदेश पलायनले देशको मानव पुँजीमा प्रत्यक्ष असर पारिरहेको छ।

नेपालको विगतको अनुभवले देखाएझैँ, शिक्षा सुधारको सफलता नीति निर्माण वा घोषणाले मात्र सुनिश्चित हुँदैन। त्यसको प्रभावकारी कार्यान्वयन र विद्यार्थी, शिक्षक तथा समग्र शिक्षा प्रणालीमा देखिने परिणाम नै अन्तिम मापदण्ड हो।

**खेलकुद क्षेत्रमा सकारात्मक संकेत**

शिक्षासँगै खेलकुद क्षेत्रमा पनि केही सकारात्मक गतिविधि अघि बढाइएको देखिन्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना, प्रशिक्षक क्षमता विकास, खेल विज्ञानसम्बन्धी तालिम तथा खेलाडी स्वास्थ्य सेवाको विस्तार स्वागतयोग्य पहल हुन्। तर खेल पूर्वाधारको अभाव, सीमित लगानी, खेलाडीको करियर सुरक्षा र व्यावसायिक अवसरको कमी अझै चुनौतीकै रूपमा रहेका छन्। जापान, अस्ट्रेलिया र दक्षिण कोरियाजस्ता देशहरूले विद्यालय तहदेखि नै खेलकुदलाई शिक्षा प्रणालीसँग जोडेर प्रतिभा विकास गरेका छन्। नेपालले पनि दीर्घकालीन खेल नीति, पूर्वाधार विकास र निजी क्षेत्रको सहभागिता बढाउन सके खेलकुद क्षेत्रलाई थप सुदृढ बनाउन सक्नेछ।

**अन्त्यमा**

शिक्षा तथा खेलकुद मन्त्रालयको पहिलो १०० दिनले सुधारको केही आशा जगाएको छ। सेवा प्रवाहमा सुधार, डिजिटल प्रणालीको विस्तार, विश्वविद्यालयमा जवाफदेही कायम गर्ने प्रयास, समावेशी शिक्षाका पहल तथा नीतिगत सुधार सकारात्मक संकेत हुन्। यी प्रयासहरूले शिक्षा क्षेत्रलाई सही दिशातर्फ अघि बढाउने सम्भावना देखाएका छन्। तर कुनै पनि सुधारको वास्तविक मूल्यांकन उपलब्धिको सूचीले होइन त्यसले विद्यार्थी, शिक्षक, अभिभावक र समाजमा ल्याउने परिवर्तनले निर्धारण गर्छ। शिक्षा क्षेत्रमा दिगो रूपान्तरणका लागि घोषणाभन्दा कार्यान्वयन, नीतिभन्दा परिणाम र उपलब्धिभन्दा प्रभाव महत्त्वपूर्ण हुन्छ। पहिलो १०० दिनले सुधारको दिशा देखाएको छ। अब ती सुधार विद्यालय, विश्वविद्यालय र समुदायको दैनिक अनुभवमा रूपान्तरण हुन सकेमात्र तिनको वास्तविक सफलता प्रमाणित हुनेछ।

(प्राचार्य, प्रतिभा बिजनेस कलेज, पोखरा)

## वर्षाले मधेसका...

निरन्तर वर्षासँगै रोपाइँ गर्न बाँकी रहेका किसान खेतमा जुटेका छन्। खोला–खोल्सामा पानीको बहाव बढेको छ भने दुई–चार दिनदेखिको वर्षाले अत्यधिक गर्मीबाट सर्वसाधारणले राहत महसुस गरेका छन्। तर मौसम बदलिएसँगै विद्युत् आपूर्ति पटक–पटक अवरुद्ध हुँदा स्थानीयले सास्ती पनि खेप्नुपरेको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि विकास निर्देशनालयका बागवानी विकास अधिकृत किरण विश्वकर्माका अनुसार हालसम्म मधेस प्रदेशमा करिब ३३ प्रतिशत मात्र धान रोपाइँ सम्पन्न भएको छ। जिल्लागत रूपमा सप्तरीमा ३८ प्रतिशत, सिराहामा ४५ प्रतिशत, धनुषामा ३५ प्रतिशत, महोत्तरीमा २५.३९ प्रतिशत, सर्लाहीमा ३०.४१ प्रतिशत, रौतहटमा १६ प्रतिशत, बारामा २२ प्रतिशत र पर्सामा ४० प्रतिशत धान रोपाइँ भएको छ। मधेसका किसानमा फेरि आशा पलाएको छ। वर्षाले निरन्तरता पाएमा धान रोपाइँ र उत्पादन बढ्ने अपेक्षा गरिएको छ।

# धार्मिक आस्थादेखि पर्यटन समृद्धितर्फ उन्मुख ऐतिहासिक नगरी जनकपुरधाम

निरञ्जनकुमार साह

धनुषा, २९ असार। मिथिलाको ऐतिहासिक राजधानी तथा माता सीताको जन्मभूमिका रुपमा विश्वभर परिचित जनकपुरधामले पछिल्ला वर्षमा धार्मिक आस्थाको केन्द्रबाट पर्यटन, संस्कृति, व्यापार र स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधारका रुपमा आफ्नो पहिचान विस्तार गर्दै गएको छ। प्रत्येक वर्ष लाखौँ स्वदेशी तथा विदेशी श्रद्धालु तथा पर्यटकको आगमनले जनकपुरधामलाई नेपालको धार्मिक पर्यटनको प्रमुख केन्द्रका रूपमा स्थापित गरिरहेको छ।

जानकी मन्दिर, राम मन्दिर, विवाह मण्डप, धनुषसागर, गंगासागर, विभिन्न प्राचीन मठ–मन्दिर, मिथिला कला, परम्परागत संस्कृति र धार्मिक उत्सवहरूले जनकपुरधामको पहिचानलाई अन्तरराष्ट्रिय स्तरमा पऱ्याएका छन्। विशेषगरी भारतसँगको सांस्कृतिक सम्बन्ध, राम–जानकी विवाह परम्परा र विवाहपञ्चमी महोत्सवले धार्मिक पर्यटनलाई थप जीवन्त बनाएको छ।

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव जनकपुरधाम धार्मिक आस्थाको केन्द्र मात्र नभई प्रदेशको आर्थिक विकासको प्रमुख आधार बन्न सक्ने बताउनुहुन्छ। धार्मिक पर्यटनलाई रोजगारी, लगानी र स्थानीय उत्पादनसँग जोडेर अघि बढाउने प्रदेश सरकारको नीति रहेको उहाँको भनाइ छ।

पर्यटन पूर्वाधार विस्तार, सडक सुधार, सरसफाइ, सुरक्षा तथा पर्यटकमैत्री वातावरण निर्माणमा प्रदेश सरकारले प्राथमिकता दिएको उहाँले उल्लेख गर्नुभयो। जनकपुरधामलाई अन्तरराष्ट्रिय धार्मिक पर्यटन गन्तव्यका रुपमा विकास गर्न मन्त्रालयले दीर्घकालीन योजना कार्यान्वयन गरिरहेको उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिष पटेल बताउनुहुन्छ। जनकपुर–अयोध्या धार्मिक सर्किट, निजी क्षेत्रसँगको सहकार्य, पर्यटन पूर्वाधार विस्तार तथा मिथिला संस्कृतिको अन्तरराष्ट्रिय प्रवर्द्धन सरकारको प्राथमिकतामा रहेको उहाँले जानकारी दिनुभयो।

हिन्दू धर्मावलम्बीको प्रमुख तीर्थस्थलका रुपमा रहेको यस मन्दिरमा दैनिक हजारौँ श्रद्धालुले दर्शन गर्ने गरेका छन्। दैनिक हुने गङ्गाआरती, विवाहपञ्चमी, रामनवमी, जानकी नवमी, झूलनोत्सव, दीपावली र छठजस्ता पर्वमा यहाँ लाखौँ श्रद्धालुको उपस्थिति रहने गर्दछ। जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोषण दास वैष्णवले जनकपुरधाम सम्पूर्ण हिन्दू समुदायको आस्थाको केन्द्र भएकाले यसको धार्मिक गरिमा, मौलिकता र सम्पदाको संरक्षणमा सबै पक्षले साझा जिम्मेवारी निर्वाह गर्नुपर्ने बताउनुभयो।

महन्त राम तपेश्वर दास वैष्णवले जनकपुरधाम धार्मिक आस्था मात्र नभई मिथिला सभ्यता, संस्कृति र आध्यात्मिक जीवनदर्शनको केन्द्र भएको बताउनुहुन्छ। धार्मिक पर्यटनलाई संस्कृति संरक्षणसँग जोडेर अघि बढाउनुपर्ने उहाँको धारणा छ। राम–जानकीसँग सम्बन्धित सम्पूर्ण धार्मिक स्थललाई एउटै धार्मिक पर्यटन मार्गका रुपमा विकास गर्न सके जनकपुरधाम विश्वस्तरीय गन्तव्य बन्नसक्ने सम्भावना रहेको छ।

जनकपुरधाम धार्मिक पर्यटनसँगै सांस्कृतिक पर्यटनको पनि महत्वपूर्ण केन्द्र हो। मिथिला चित्रकला, मैथिली भाषा, लोकसंस्कृति, परम्परागत वेशभूषा, स्थानीय परिकार तथा सांस्कृतिक सम्पदाले पर्यटकलाई आकर्षित गरिरहेका छन्। विशेषगरी मिथिला चित्रकलाले अन्तरराष्ट्रिय बजारमा समेत छुट्टै पहिचान बनाएको छ। जनकपुरधामको महत्व धार्मिक पर्यटनमा मात्र सीमित नरही मिथिला सभ्यता, इतिहास, भाषा, साहित्य र संस्कृतिसँग जोडिएको छ। यसको अन्तरराष्ट्रिय पहिचान स्थापित गर्न अनुसन्धान, अभिलेखीकरण र प्रभावकारी प्रचारप्रसार आवश्यक छ।

धार्मिक पर्यटनसँगै शैक्षिक तथा अनुसन्धान पर्यटनको विकासमा पनि जनकपुरधामको ठूलो सम्भावना रहेको छ। धार्मिक पर्यटनले स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पारेको छ। होटल, लज, रेष्टुरेन्ट, यातायात, धार्मिक सामग्री, हस्तकला, मिथिला चित्रकला, फूलमाला, प्रसाद, स्थानीय मिठाई तथा साना व्यवसाय धार्मिक पर्यटककै कारण फस्टाउँदै गर्दा हजारौँ स्थानीय नागरिकले प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी पाएका छन्।

जनकपुरधाम आउने पर्यटकको यकिन तथ्याङ्क उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयसँग छैन। उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेका अनुसार मन्त्रालयमा पर्यटक आगमनको एकीकृत र अद्यावधिक अभिलेख प्रणाली नहुँदा आधिकारिक तथ्याङ्क उपलब्ध गराउन कठिनाइ भएको छ। पर्यटकको यथार्थ तथ्याङ्क सङ्कलन, अभिलेखीकरण तथा पर्यटन व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाउने दिशामा मन्त्रालयले आवश्यक पहल गरिरहेको उहाँको भनाइ छ।

उद्योग वाणिज्य सङ्घ जनकपुरधामका अध्यक्ष सुरेन्द्र भण्डारीले धार्मिक पर्यटन स्थानीय व्यापार र सेवा क्षेत्रको मेरुदण्ड बनेको बताउनुभयो। गुणस्तरीय होटल, आधुनिक सुविधा र व्यवस्थित बजार विकास गर्नसके पर्यटकको बसाइ अवधि बढाउन सकिने उहाँको भनाइ छ।

सार्वजनिक–निजी साझेदारीमार्फत पर्यटन क्षेत्रमा लगानी विस्तार गर्नुपर्नेमा उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका सल्लाहकार मनिषरमण साहको जोड रहेको छ। धार्मिक पर्यटनलाई उद्योग, व्यापार, स्थानीय उत्पादन र रोजगारीसँग जोड्नसके मधेस प्रदेशको आर्थिक समृद्धिमा ठूलो योगदान पुग्ने उहाँको भनाइ छ।

विवाहपञ्चमी, रामनवमी, छठ, सीता नवमी तथा अन्य धार्मिक पर्वका बेला होटलहरूको ‘अकुपेन्सी’ उल्लेख्य रूपमा बढ्ने गरेको बताइन्छ। जनकपुरधाममा आउने स्वदेशी तथा विदेशी पर्यटकको बसाइ अवधि लम्ब्याउन गुणस्तरीय सेवा, पर्याप्त आवास, आधुनिक सुविधा र पर्यटनमैत्री वातावरण आवश्यक रहेको छ। जनकपुरधामलाई धार्मिक पर्यटनसँगै सांस्कृतिक तथा सम्मेलन पर्यटनको केन्द्रका रूपमा विकास गर्न सके होटल व्यवसायसहित समग्र स्थानीय अर्थतन्त्रले थप गति लिनेमा उहाँ विश्वस्त हुनुहुन्छ।

जनकपुरधाममा पार्किङ, सूचना केन्द्र, बहुभाषिक पर्यटक मार्गदर्शक, सरसफाइ, डिजिटल सूचना प्रणाली, हरियाली संरक्षण तथा आधुनिक पूर्वाधार विस्तारमा अझै काम गर्नुपर्ने आवश्यकता छ। धार्मिक सम्पदाको संरक्षणसँगै आधुनिक व्यवस्थापनलाई प्राथमिकता दिन सके जनकपुरधाम दक्षिण एसियाकै उत्कृष्ट धार्मिक पर्यटन गन्तव्य बन्न सक्नेछ। धार्मिक आस्था, मिथिला सभ्यता, ऐतिहासिक सम्पदा, सांस्कृतिक विविधता, स्थानीय आतिथ्य र बढ्दो पूर्वाधार विकासका कारण जनकपुरधाम नेपालको पर्यटन क्षेत्रको उज्ज्वल भविष्य बोकेको नगरीका रूपमा स्थापित हुँदै गएको छ।

धार्मिक पर्यटनलाई दिगो विकास, रोजगारी सिर्जना, सांस्कृतिक संरक्षण र आर्थिक समृद्धिसँग जोड्नसके जनकपुरधामले नेपालको पर्यटन क्षेत्रमा अझ महत्वपूर्ण योगदान पुर्‍याउने छ।

# पति–पत्नीलाई गोली हानी कडैती गर्ने तीन जना पक्राउ

महोत्तरी, २९ असार। सोनमा गाउँपालिका–३ खखना गाउँमा गत जेठ २० गते पतिपत्नीलाई गोली हानी डकैती गरेको अभियोगमा तीन जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा सम्सी गाउँपालिका–६ का २१ वर्षीय अपरोज शेष, २४ वर्षीय शेष बारिक र गौशाला नगरपालिका–५ का क्रिशकुमार मेस्तर रहेका छन्।

पक्राउ परेका तीन जनासहितको डाँका समूहले स्थानीय रामविश्वास यादवको घरमा सुतिरहेका उनकी छोरी किरण यादवलाई खुट्टामा दुई गोली र ज्वाइँ ईश्वरनारायण यादवलाई दाहिने हातमा एक गोली हानी घाइते बनाएको थियो।

घाइते यादव दम्पतीको स्वास्थ्य अवस्था अहिले सामान्य छ। जिल्ला प्रहरी कार्यालयले अभियुक्तहरूलाई आज पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ। यस घटनामा संलग्न अन्य फरार अभियुक्तको खोजतलास भइरहेको प्रहरीले जनाएको छ।

# बारामा पोखरीमा डुबेर बालिकाको मृत्यु

रौतहट, २९ असार। बारा जिल्लाको सदरमुकाम कलैया स्थित पोखरीमा नुहाउने क्रममा एक जना ६ वर्षीया बालिकाको डुबेर मृत्यु भएको छ। आइतबार साँझ साढे ६ बजे कलैया उपमहानगरपालिका–११ घोघरीयास्थित पोखरीमा स्थानीय सन्तोष पासवानकी छोरी राधिका कुमारी पासवान नुहाउने क्रममा डुबेकी थिइन्।

उनलाई तत्कालै उद्धार गरी उपचारको लागि प्रादेशिक अस्पताल कलैया बारामा ल्याइएकोमा सवा ७ बजेको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ। मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल कलैयामै रहेको जिल्ला प्रहरी कार्यालय बाराको सूचनामा उल्लेख गरिएको छ। घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## *पोखरीको डिलमा...*

समस्या छ,” भवरा नहर किनारमा बस्दै आउनुभएका गेना सदायले पीडा सुनाउनुभयो।

सिराहा जिल्लाका १७ वटै स्थानीय तहमा रहेका मुसहर समुदाय अति विपन्न र सुकुम्वासी अवस्थामा रहेका छन्। यस समुदायका लागि सुरक्षित शौचालय, खानेपानीसहित व्यवस्थित बस्ती निर्माण आवश्यक भए पनि स्थानीय र प्रदेश सरकारले पर्याप्त ध्यान नदिएको मानव अधिकारकर्मी राजकुमार राउतले बताउनुभयो। “संविधानले आवास, खानेपानी, शिक्षा र स्वास्थ्यलाई मौलिक हकका रूपमा व्यवस्था गरे पनि यसको कार्यान्वयनमा तीनै तहका सरकार जिम्मेवार बन्न सकेका छैनन्,” उहाँले भन्नुभयो।

लहान नगरपालिका २०७४ सालमै खुला दिसामुक्त नगरपालिका घोषणा भए पनि अहिले चार हजार २०१ घरमा शौचालय नभएको र शौचालय निर्माण अभियान सञ्चालन भइरहेको विकन परियोजनाका संयोजक राजेश लोहनीले बताउनुभयो। अधिकांश मुसहर बस्तीमा शौचालय नहुनुको मुख्य कारण थोरै जग्गामा अव्यवस्थित रूपमा बस्नुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ।

यता लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले मुसहर समुदायका बस्तीमा सुरक्षित आवास कार्यक्रम अन्तर्गत हालसम्म दुई सयभन्दा बढी शौचालयसहितका सुरक्षित आवास निर्माण सम्पन्न भएको बताउनुभयो। “लहान नगरपालिका–१, २, १९, २०, २१, २२, २३ र २४ नम्बर वडामा रहेका समस्या समाधानका लागि काम गरिरहेका छौँ,” उहाँले भन्नुभयो।

# सप्तरीमा बाढी–कटान जोखिम, खेतीबालीमा क्षति

**धीरेन्द्रप्रसाद साह**

राजविराज, २९ असार। पछिल्लो दुई दिनदेखिको अविरल वर्षासँगै सप्तरीको विभिन्न नदी तथा खोलामा पानीको बहाव बढ्दा जिल्लाका विभिन्न स्थानमा बाढी, डुबान र कटानको जोखिम बढेको छ। पुल, तटबन्ध तथा खेतीयोग्य जमिनमा क्षति पुगेको छ। जिल्लाको कञ्चनरूप नगरपालिका –११ गिदहास्थित देवीखोला र बाभना खोलाको संगम क्षेत्रमा रहेको पुलमा समेत अविरल वर्षापछि क्षति पुगेको स्थानीय रामस्वरूप चौधरीले जानकारी दिनुभयो। पुलमा आएको क्षतिका कारण स्थानीयवासीलाई आवत–जावतमा समस्या हुन थालेको छ।

यस्तै, राजविराज नगरपालिका –११ झलहीस्थित कोशी पम्प नहरको तटबन्ध भत्किँदा रोपिएको धानबालीमा क्षति पुगेको छ भने बिघौं खेतीयोग्य जमिन डुबानमा परेको छ। स्थानीय देवकुमार यादवका अनुसार कोशीपश्चिम नहरबाट जिल्लाको उत्तरी भेगमा सिँचाइ सुविधा दिने उद्देश्यले सञ्चालन गरिएको पम्प नहरको तटबन्ध भत्किएपछि पानीसँगै ठुलो परिमाणमा बालुवा खेतमा पसेको छ।

तटबन्ध फुटेपछि पश्चिमतर्फ रहेका करिब दुई बिघाभन्दा बढी क्षेत्रफलमा रोपिएको धानबाली बालुवाले पुरिएको छ। खाली रहेका खेतमा समेत बालुवा जमेको उहाँले बताउनुभयो। स्थानीय किसान नन्दलाल यादवले तटबन्धको नियमित मर्मतसम्भार नगर्दा यस्तो अवस्था आएको



बताउनुभयो। समयमै कमजोर संरचनाको मर्मत गरिएको भए धानबाली तथा खेतीयोग्य जमिनमा यति ठुलो क्षति नपुग्ने उहाँको गुनासो छ। प्रभावित स्थानीयले तटबन्ध तत्काल मर्मत गरी पानीको बहाव नियन्त्रण गर्न तथा उत्तरी क्षेत्रको सिँचाइ सेवा पुनः सञ्चालन गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायसँग माग गरेका छन्।

यसैबिच, स्थानीय कमल मण्डलका अनुसार सोमबार बिहान हनुमाननगर कंकालिनी नगरपालिका–११ सखुवास्थित सामुदायिक भवन अगाडि रहेको बाँधमा कटान सुरु भएको छ। कटान तीव्र बन्दै गएपछि आसपासका बस्ती डुबानमा पर्ने जोखिम बढेको उहाँले बताउनुभयो। सोही पालिकाको इनरुवा र हनुमाननगरको पानीको भेल ह्युमपाइपले थेग्न नसक्दा बाँध कटान सुरु गरिएको मण्डलले जानकारी दिनुभयो। यता, प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले जिल्लास्थित खाँडो, महुली, कोशी, त्रियुगा लगायतका नदी तथा खोलामा पानीको बहाव बढेको जानकारी दिनुभयो।

उहाँका अनुसार विभिन्न गाउँबस्तीमा पानी पसेको छ। बाढी, डुबान र कटानको वस्तुस्थिति निरन्तर अनुगमन भइरहेको छ। प्रमुख जिल्ला अधिकारी थापाले सम्भावित जोखिमलाई मध्यनजर गर्दै स्थानीय तह, सुरक्षा निकाय तथा सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक उद्धार, राहत तथा सुरक्षित बसोबासको व्यवस्थापनका लागि तयारी गरिएको बताउनुभयो।

# धनुषामा चैते धान खेतीतर्फ किसानको आकर्षण बढ्दै



धनुषा, २९ असार। जिल्लाका विभिन्न स्थानीय तहमा पछिल्लो समय चैते धान खेती गर्ने किसानको संख्यामा उल्लेख्य रूपमा बढ्न थालेको छ। प्रशस्त उत्पादन हुने, वर्षमा तीन बाली लिन सकिने तथा सरकारी र विकास साझेदार संस्थाको सहयोग उपलब्ध हुने भएपछि किसानहरू चैते धान खेतीतर्फ आकर्षित भएका हुन्।

यहाँको लक्ष्मीनियाँ गाउँपालिकाका किसान बिल्टु साहका अनुसार एक कट्ठा जमिनमा तीनदेखि पाँच मनसम्म उत्पादन हुने भएकाले चैते धानखेतीप्रति किसानको आकर्षण बढ्दै गएको छ। धनुषाका सुक्खा तथा बाढी प्रभावित दुई पालिकामा संघीय सरकारले सञ्चालन गरेको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना अन्तर्गत चैते धान प्रवर्द्धन कार्यक्रम सञ्चालन भएपछि किसानको सहभागिता बढेको किसान भोला यादवले बताए।

विश्व बैंक र विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रमको सहयोगमा यहाँका वटेश्वर र जनकनन्दनी गाउँपालिकाका साना तथा निम्न आय भएका किसानलाई उन्नत बीउ, आधुनिक खेती गर्न प्रविधि, सिँचाइका सामग्री तथा आवश्यक तालिम उपलब्ध गराइएपछि किसानले चैते धान खेती विस्तार गर्न थालेका स्थानीय दीपक यादवले जानकारी दिए।

किसान दीपेन्द्र महतोका अनुसार वर्षमा तीन बाली उत्पादन गर्न सकिने भएकाले वटेश्वरमा मात्र १४० बिघा क्षेत्रफलमा चैते धान खेती गरिएको छ। हर्दिनाथ-१, २ र ३ जातका चैते धानको बीउ ८५ प्रतिशत अनुदानमा उपलब्ध गराइएपछि गाउँका अधिकांश किसानले यो खेती सुरु गरेका किसान भाग्यचन्द्र महतोले बताए। उनले समयमा बीउ, मल तथा सिँचाइको व्यवस्था भए मुलुकलाई धान, चामल तथा अन्य खाद्यान्नमा आत्मनिर्भर बनाउन सकिने विश्वास व्यक्त गरे।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना समूह एकाइ धनुषाका कृषि अधिकृत शिवचन्द्र झाले जिल्लाका दुई पालिकामा चैते धान प्रवर्द्धन कार्यक्रम सञ्चालन भएपछि किसान उत्साहित भई खेतीको क्षेत्र विस्तार हुँदै गएको बताए। उनका अनुसार सो पालिकामा हाल करिब १५० बिघा क्षेत्रफलमा चैते धान खेती गरिएको छ। आयोजनाका समूह एकाइ प्रमुख रविलाल शर्माले साना तथा निम्न आय भएका किसानको खाद्य सुरक्षा, पोषण सुधार, कृषि उत्पादन वृद्धि तथा बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको बताए। उनले यसले किसानको आयआर्जन वृद्धि र कृषि उत्पादनमा आत्मनिर्भरताका लागि महत्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गरे।

जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा जिल्लामा ८५० हेक्टर क्षेत्रफलमा चैते धान खेती गरिएको छ। सो क्षेत्रबाट तीन हजार ३३२ मेट्रिक टन उत्पादन भएको केन्द्रले जनाएको छ। प्रतिहेक्टर तीन दशमलव ९२ मेट्रिक टन औसत रूपमा उत्पादकत्व हासिल जनाउँदै केन्द्रका प्रमुख प्रदीपकुमार यादवले जिल्लामा चैते धानखेतीको क्षेत्र विस्तारसँगै उत्पादनमा उल्लेखनीय वृद्धि भएको बताए।

कृषि ज्ञान केन्द्रले आगामी वर्षमा चैते धान खेती विस्तार गरी उत्पादन वृद्धि गर्न किसानलाई आवश्यक प्राविधिक सहयोग र प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिने योजना रहेको जनाएको छ।

# जनकपुरधाम उपमहानगरपालिकाको बजेट दुई अर्ब ६५ करोड

**धर्बेन्द्र झा**




जनकपुरधाम, २९ असार। मधेश प्रदेशको राजधानी रहेको जनकपुरधाम उपमहानगरपालिकाको सोमबार भएको १५ औं नगर सभामा आगामी आर्थिक वर्ष २०८३-८४ का लागि दुई अर्ब ६५ करोड २० लाख ३२ हजारको बजेट प्रस्ताव गरिएको छ। जसमध्ये चालुतर्फ एक अर्ब ४२ करोड ९७ लाख ७९ हजार र पुजीगततर्फ एक अर्ब २२ करोड २२ लाख ५३ हजार रहेको छ। नगर सभामा जनकपुरधाम उपमहानगरपालिकाका नगर उपप्रमुख किशोरी साह अनुपस्थित रहेको समयमा कार्यपालिकाको निर्णय बमोजिम जनकपुरधाम उपमहानगरपालिका वडा १६ का वडाध्यक्ष रामचन्द्र पञ्जियारले आगामी आर्थिक वर्षका लागि सो रकमको बजेट प्रस्ताव गर्नुभएको हो।

प्रस्तावित बजेटमध्ये आन्तरिक स्रोततर्फ १९ करोड ६२ लाख ६० हजार, नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदानतर्फ ३० करोड ५९ लाख, प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान दुई करोड १६ लाख ५३ हजार, संघको ससर्त अनुदानतर्फ चालुमा ६८ करोड ९५ लाख र संघकै ससर्त अनुदानतर्फ पुँजिगतमा ५६ करोड छ लाख रहेको छ।

त्यसैगरी संघको विशेष अनुदान ८३ लाख, संघकै समपुरक अनुदान एक करोड ५८ लाख, प्रदेशतर्फ ससर्त अनुदान ८० लाख, प्रदेशतर्फ विशेष अनुदान २० लाख समावेश गरिएको छ। त्यसैगरी प्रदेशको राजस्व बाँडफाटबाट एक करोड ७१ लाख, संघीय राजस्व बाँडफाँटबाट २० करोड ६९ लाख १९ हजार, स्थानीय राजस्व बाँडफाँट१२ करोड तथा चालु आर्थिक वर्षमा बचत हुने करिब ५० करोड रकमबाट उक्त खर्च बेहोरिने बजेट वक्तव्यमा उल्लेख रहेको जनकपुरधाम उपमहानगरपालिकाका लेखा अधिकृत शिवनारायण साहले जानकारी दिनुभयो।

बजेटको मुख्य प्राथमिकतामा जनकपुरधाम नगरको भौतिक पूर्वाधारको विकास, सरसफाइ र स्वच्छ वातावरण, स्वास्थ्य, शिक्षा, सामाजिक विकास र समावेशीकरण, पर्यटन र रोजगारी सिर्जना, सुशासन र संस्थागत सबलीकरणलाई राखिएको छ। जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज साहले १५ औं नगरसभामा अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै आगामी आर्थिक वर्षमा जनकपुरधाम उपमहानगरपालिकाले जनअपेक्षित कार्यक्रम ल्याउन लागेको बताउनुभयो।

नगर प्रमुख साहले प्रस्तुत गर्नुभएको अगामी आर्थिक वर्ष २०८३-८४ को नीति तथा कार्यक्रममा फोहोरमैला व्यवस्थापन तथा सरसफाइ, पर्यटन तथा जनकपुरधाम नगर क्षेत्रको सुन्दरता प्रवर्धन, शैक्षिक सुधार र रोजगारी सिर्जनाको विषयमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ। नीति कार्यक्रममा कर प्रणालीलाई करदातामैत्री बनाउन मोबाइलबाट कर तिर्ने व्यवस्था लागु गर्ने, बेरोजगार युवाहरूबाट ठोस प्रस्ताव आह्वान गरी उनीहरूलाई सर्टिफिकेट वा अन्य जमानीको आधारमा पाँच लाखसम्म सहयोग गर्ने नीति लिएको उल्लेख छ। नगर सभाको उद्घाटनसत्रमा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्ञानहरि घिमिरेसहित विभिन्न क्षेत्रका व्यक्तिको उपस्थिति थियो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# दोब्बर बढ्यो महँगी

## जेठमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.२२ प्रतिशत पुगेको छ।

काठमाडौं, २९ असार। अघिल्लो वर्षको तुलनामा यस वर्ष जेठमा महँगी झन्डै दोब्बर बढेको छ। नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार जेठमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.२२ प्रतिशत पुगेको छ। अघिल्लो वर्ष सोही महिना यस्तो मुद्रास्फीति २.७२ प्रतिशतमात्र थियो।

यद्यपि, आव २०८२/८३ को ११ महिनाको औसत मुद्रास्फीति भने २.८९ प्रतिशतमा सीमित भएको छ। अघिल्लो वर्ष सोही अवधिमा औसत मुद्रास्फीति ४.२४ प्रतिशत थियो। समीक्षा महिनामा खाद्य तथा पेय पदार्थको तुलनामा गैरखाद्य तथा सेवा समूहको महँगी बढी देखिएको छ। राष्ट्र बैंकका अनुसार खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ४.९५ प्रतिशत रहँदा गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ५.३७ प्रतिशत पुगेको छ। अघिल्लो वर्ष यी समूहको मुद्रास्फीति क्रमशः ०.५४ र ३.९४ प्रतिशतमात्र थियो।

**भान्सा र यातायातमा उच्च मूल्यवृद्धि**

जेठमा उपभोक्ताको भान्सामा प्रयोग हुने फलफूल र घिउतेलको मूल्यमा भारी वृद्धि भएको छ। तथ्यांक अनुसार फलफूल उपसमूहको मूल्य १७.४० प्रतिशत र घिउ तथा तेलको मूल्य १५.१० प्रतिशतले बढेको छ। त्यसैगरी माछामासुको मूल्य ५.२६ र तरकारीको ४.१४ प्रतिशतले बढेको छ। यद्यपि, दाल तथा गेडागुडीको मूल्य भने ०.९३ प्रतिशतले घटेको राष्ट्र बैंकले जनाएको छ। गैरखाद्यतर्फ विविध वस्तु तथा सेवाको मूल्य १६.६८ प्रतिशत र यातायात मूल्य १५.३१ प्रतिशत बढेको छ। मदिराजन्य पेय पदार्थमा ७.२०, शिक्षा ५.५४ र कपडा तथा जुत्ताचप्पलमा ५.५३ प्रतिशत मूल्यवृद्धि भएको छ।

**कोशी प्रदेशमा सर्वाधिक**

जेठमा ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रमा महँगी बढी देखिएको छ। ग्रामीण क्षेत्रको मूल्य सूचकांक ४.७८ प्रतिशतले बढ्दा सहरी क्षेत्रको ५.३८ प्रतिशत बढेको छ। प्रदेशगत आधारमा हेर्दा सबैभन्दा बढी महँगी कोशी प्रदेशमा ५.७५ प्रतिशत देखिएको छ भने सबैभन्दा कम सुदूरपश्चिममा ४.६१ प्रतिशत छ। त्यसैगरी मधेस र लुम्बिनीमा समान ५.६२ प्रतिशत, गण्डकी ५.०५, कर्णाली ४.८९ र बागमती ४.७९ प्रतिशत मुद्रास्फीति छ। भौगोलिक क्षेत्रका आधारमा तराईमा सर्वाधिक ५.७४ प्रतिशत महँगी रहँदा पहाडमा ५.०७, काठमाडौं उपत्यका ४.९८ र हिमालमा ३.७१ प्रतिशत महँगी छ।

**थोक मुद्रास्फीतिमा उछाल**

उपभोक्ता मुद्रास्फीतिसँगै थोक मुद्रास्फीतिमा पनि उच्च वृद्धि भएको छ। अघिल्लो वर्ष जेठमा १.५६ प्रतिशतमात्र रहेको थोक मुद्रास्फीति यस वर्ष जेठ आइपुग्दा ८.४७ प्रतिशत पुगेको छ। यस अवधिमा उपभोग्य वस्तुको थोक मूल्य १ प्रतिशतले घटे (ऋणात्मक) पनि मध्यवर्ती वस्तुको १४.६४ प्रतिशत र पूँजीगत वस्तुको ४.७८ प्रतिशत बढेको छ। निर्माण सामग्रीको थोक मूल्य पनि ३.०९ प्रतिशत महँगिएको छ।

राष्ट्र बैंकको तथ्यांकले नेपालको तुलनामा भारतमा महँगी दर कम रहेको देखाएको छ। जेठमा नेपालको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.२२ प्रतिशत रहँदा सन् २०२६ मे महिनामा भारतको यस्तो मुद्रास्फीति ३.९३ प्रतिशतमात्र रहेको छ।

# 'क्यान्सर' अस्पतालको कर्मचारीको तलब भुक्तानी

चितवन, २९ असार। यहाँस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा नयाँ अध्यक्षको नियुक्तिसँगै कर्मचारीको तीन महिनाको तलब सहित अन्य खर्चको भुक्तानी सुरुआत गरिएको छ। गत चैत २० गतेदेखि रिक्त रहेको अध्यक्ष पदमा यही असार १९ गते डा योगेन्द्रप्रसाद सिंहले अध्यक्षले कार्यभार सम्हाल्नुभएसँगै रोकिएको भुक्तानी थालिएको हो। अस्पतालका कार्यकारी निर्देशक डा उमेश नेपालका अनुसार अध्यक्षको अभावमा तलब, भत्ता र नियमित गर्नुपर्ने भुक्तानी रोकिएको थियो। कार्यकारी निर्देशक समेत रिक्त भएपछि उपनिर्देशक नेपाललाई कार्यकारीको जिम्मेवारी दिइएको थियो।

अध्यक्षको अभावमा औषधिलगायतका अत्यावश्यक सामग्री खरिदमा समेत समस्या भएको थियो। क्यान्सर अस्पतालको नियमावलीमा मूल खाताबाट खर्च हुने खातामा रकम स्थानान्तरण गर्दा अध्यक्ष र कार्यकारी निर्देशकले हस्ताक्षर गर्नुपर्ने हुन्छ।

अस्पतालमा अध्यक्ष नियुक्ति भए पनि सञ्चालक समितिका पदेनबाहेक सदस्य रिक्त छ। अर्थ र स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव वा तोकिएको व्यक्ति र भरतपुर महानगरपालिकाका प्रमुख पदेन सदस्य रहने व्यवस्था छ। कार्यकारी निर्देशक नेपालले दैनिक काममा अहिले बाधा नरहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो“ठूला निर्णयका लागि सञ्चालक समितिको निर्णय आवश्यक पर्दछ। त्यसबाहेक नियमित कामका लागि अध्यक्ष र कार्यकारी निर्देशकले काम गर्न सक्दछन्।” अध्यक्ष चयन सँगै अस्पतालका नियमित कामहरू सहज भएको उहाँले जानकारी दिनुभयो। अस्पतालमा करिव ८०० चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारी सेवारत छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)